नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज २१ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 07 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५०

## वीरगंजका पसलमा म्याद गुज्रिएका सामान उपभोक्ता ठगिने सम्भावना उच्च

राधेश्याम पटेल, वीरगंज, २० असोज/

आर्थिक नगरी वीरगंजको बजारमा म्याद गुज्रिएका सामान बिक्री वितरण भइरहेको छ ।

सरोकारवाला निकायले गरेको बजार अनुगमनको क्रममा म्याद नाघेका सामान बरामद भएपछि धेरै पसलेले चाडपर्वको मौका छोपी म्याद नाघेका सामान बिक्री गरिरहेको सार्वजनिक भएको हो। कोरोना महामारीको कारण छ महीनादेखि एक वर्षसम्म पसलेको गोदाम र पसलमैं भण्डारण गरी राखिएका सामान पर्वकै अवसरमा बिक्री गर्ने दाउ रहेको अनुगमन गर्ने अधिकारीहरूको आशङ्का छ ।


वीरगंजस्थित एक पसलको अनुगमन गर्दै विभागीय टोली । तस्वीरः प्रतीक

वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय, वीरगंजले विभिन्न समयमा गरेको बजार अनुगमनको क्रममा पनि म्याद सकिएका खाद्य सामग्री बरामद गरेको थियो ।

व्यापारीले नयाँ म्याद राख्नुका साथै मूल्यसूचीसमेत बढाएर बिक्री वितरण गरेर उपभोक्ताको स्वास्थ्यसँग खेलबाड गर्ने गरेको पाइएको छ । पसलमा म्याद नाघेका बिस्कुट, चकलेट, बर्नभिटा, चिउरा, भुजियालगायतका खाद्यवस्तु र पेय पदार्थमा रियल जुस, कोकाकोला फेन्टा, बोतलबन्द पानीलगायत म्याद नाघेका पाइन्छन् ।

दशैंको मौका छोप्दै व्यापारीहरूले म्याद नाघेका खाद्य सामग्री खुद्रा व्यापारीलाई र उसले उपभोक्तालाई भुक्याएर बिक्री गर्ने गरेको छ । वीरगंजका विभिन्न स्थानमा रहेका डिपार्टमेन्टल स्टोर तथा किराना पसलहरूमा पनि म्याद नाघेका र आफूखुशी मूल्य बढाएर सामग्री बिक्री गर्ने गरेको उपभोक्ताहरूको गुनासो छ । खाद्य सामग्रीमा उत्पादन मिति नराखेको, लेबुल नराखेको, म्याद नाघेको खाद्यवस्तु बिक्री गर्ने, बिलबिजक नराख्ने, व्यापारिक फर्म दर्ता नगरी व्यापार–व्यवसाय गर्ने गरेको पाइएमा उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम तत्काल पाँच हजारदेखि तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने अधिकार छ भने तीन महीनादेखि एक वर्ष कैद वा एक लाखदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने अधिकार रहेको छ ।

यद्यपि कार्यालयले अनुगमन गरेर जरिवाना गरे पनि अरू कारबाही नगर्दा व्यापारीहरूको मनोबल बढेको नागरिकको बुझाइ छ । वीरगंजमा मात्रै तीन हजारभन्दा बढी पसल सञ्चालनमा छन् ।

## प्रदेशसभामा मुख्यमन्त्रीको पक्षमा दुई तिहाइ मत

प्रस, जनकपुरधाम, २० असोज/

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले विश्वासको मत प्राप्त गरेका छन् । उनले बुधवार प्रदेशसभामा


मुख्यमन्त्री लालबाबू राउत गद्दी ।

विश्वासको मत लिंदा दुई तिहाइको समर्थन पाएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) विभाजन भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनेपछि मुख्यमन्त्री गद्दीले संसद्मा विश्वासको मत मागेका थिए । प्रदेश नं २ को प्रदेशसभामा भएको मतदानमा मुख्यमन्त्री गद्दीको पक्षमा ७७ मत प्राप्त भयो ।

प्रदेशसभामा कुल सदस्य सङ्ख्या १०४ रहेकामा मुख्मन्त्रीको पक्षमा प्राप्त मत सङ्ख्या दुई तिहाइ पुगेको हो ।

मुख्यमन्त्री गद्दीलाई उनकै दल जसपा, सरकारमा सहभागी दल नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीका सांसदहरूले विश्वासको मत दिएका थिए । उनको विपक्षमा २३ मत परेको थियो ।

गद्दीको विपक्षमा लोसपा र नेकपा एमालेका सांसदहरूले मत दिएका हुन् । बुधवारको मतदानमा प्रदेशसभाका १०० जना सदस्यले भाग लिएको सभामुखको सचिवालयले जनाएको छ ।

## अपराध नियन्त्रणमा प्रहरीको भूमिका प्रशंसनीय –प्रजिअ घिमिरे

प्रस, वीरगंज, २० असोज/

प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले शान्ति सुरक्षा र अपराध नियन्त्रणमा प्रहरीले देखाएको सक्रियता प्रशंसनीय भएको बताएका छन् ।



तस्वीरः प्रतीक

जिल्ला प्रहरी कार्यालय पर्साले ६६औं प्रहरी दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रजिअ घिमिरेले प्रहरी भएकै कारण आममानिसले अमनचयन महसूस गरिरहेको दाबी गरे । उनले प्रहरीले कर्तव्य निर्वाह गरेको कारण समाजमा अपराध न्यूनीकरण भएको बताए ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले आम नेपाली जनतामा प्रहरीमाथि हालका दिनमा विश्वास बढ्दै गएको बताए । उनले प्रहरीप्रतिको नकारात्मक धारणा कम गर्दै सहयोगी भावना विकास गर्दै 'प्रहरी मेरो साथी' ठानेर काम गरेको खण्डमा समाजमा विद्यमान सबैखाले विकृति हटाउनमा मदत पुग्ने बताए । उनले प्रहरीलाई सहयोगी भूमिकामा राखेर काम गर्दा समाजबाट अपराध न्यूनीकरण हुने दाबी गरे ।

दिवसको अवसरमा प्रहरीसँग समन्वय गरी सामाजिक कार्यमा योगदान दिंदै आएका वडाध्यक्ष शम्भुनारायण मिश्र, लेडिज सर्कलकी सुषमा शर्मा, रश्मी दास, युवा उद्यमी मनोजकुमा। दास, ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानलगायतका व्यक्तित्वहरूलाई प्रमाणपत्रद्वारा सम्मानित गरिएको थियो ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पूर्वअध्यक्ष अशोक बैद, प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्कालगायतको सहभागिता थियो ।

**कोरोना सङ्क्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाऱ्हो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महसूस भए,
- धेरै थकाइ र कमजोरी महसूस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिंड्दा स्वाँ–स्वाँ बढे,

सचेत बनौं र नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कोशी कोरिडोर विद्युत् प्रसारणलाइन हस्तान्तरण

प्रस, वीरगंज, २० असोज/

१.२२० केभी डबल सर्किट क्षमताको कोशी कोरिडोर विद्युत् प्रसारणलाइनको



तस्वीरः सौजन्य

निर्माण कार्य सम्पन्न भएपछि बुधवार कार्यक्रमको आयोजना गरी भारतले नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गरेको छ ।

डबल सर्किट क्षमताको कोशी कोरिडोर विद्युत् प्रसारणलाइन (इनर्वा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार)को निर्माण सम्पन्न भएको र आज नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गरिएको नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ ।

कलपत्रु पावर ट्रान्समिसन लिमिटेड र भारतको एक्जिम बैंकले दूतावासका नियोग उपप्रमुख नामग्य खम्पाको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशकलाई परियोजना हस्तान्तरण गरेका हुन् । समारोहमा बोल्दै नियोग उपप्रमुख खम्पाले भारत ऊर्जा क्षेत्रको सबै पक्षमा द्विपक्षीय सहकार्य गर्न प्रतिबद्ध रहेको बताइन् । उनले नेपालमा विद्युत् परियोजनाको विकास गर्न, नेपालभित्र र दुई देशबीच विद्युत् प्रसारणलाइन निर्माण गर्न र दुई देशबीच विद्युत् व्यापार विस्तार गर्न भारत प्रतिबद्ध रहेको बताइन् । गुणस्तरीय र समयमैं निर्माण कार्य सम्पन्न गरेकोमा कलपत्रु पावर ट्रान्समिसन लिमिटेडलाई धन्यवाद पनि दिइन् ।

१०६ किमी लामो कोशी कोरिडोर विद्युत् प्रसारणलाइनको नेरु १०.४ अर्ब लागतमा निर्माण भएको हो । भारत सरकारले नेपाललाई एक्जिम बैंकमार्फत उपलब्ध गराएको ५५० मिलियन अमेरिकी डलर ऋण सहयोग अन्तर्गत यो प्रसारण लाइनको निर्माण भइरहेको छ । भारतको कलपत्रु पावर ट्रान्समिसन लिमिटेडले नेरु ४.५ अर्ब लागतमा परियोजनाको पहिलो प्याकेजको निर्माणको जिम्मा लिएकोमा उक्त प्याकेजको सफलतापूर्वक निर्माण सम्पन्न भई नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गरिएको राजदूतावासको कार्यालयले जनाएको छ । बाँकी दुईवटा प्याकेजको निर्माण सम्पन्न भएपछि सिङ्गो परियोजनाले अरुण र तमोर नदीका जलविद्युत् परियोजनाबाट उत्पादन हुने करीब दुई हजार मेगावाट बिजुलीको सहज वितरणलाई सुनिश्चित गर्ने बताइएको छ ।

कोशी कोरिडोरको अतिरिक्त भारतले १३२ केभी क्षमताका मोदी–लेखनाथ र सोलु कोरिडोर विद्युत् प्रसारणलाइनको निर्माणमा पनि सहयोग



गरिरहेको भारतीय राजदूतावासले जनाएको छ ।

## विचारसार एवं सूक्तिहरू

**त्यै सम्बन्ध दिगो रहन्छ, जहाँ मानिस एकअर्कालाई बुझ्दछन्, कसीमा घोट्दैनन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# न्याय खोज्दै पैदल यात्रा

**बाँकेका महिला अधिकारकर्मी तथा पीडित परिवारका मानिसको एउटा समूह न्याय माग्न नेपालगंजबाट राजधानी काठमाडौंको यात्रामा छ । उनीहरू न्याय माग गर्दै लेखिएको ब्यानरका साथ पैदलयात्रा गरिरहेका छन् । पैदलयात्रामा ११ जना महिला र तीनजना पुरुष छन् । बाँके जिल्लाको जानकी गाउँपालिकाकी ३८ वर्षीया ननपुन्नी देवीको घरेलु हिंसाको कारण मृत्यु भएको थियो । महिला अधिकारीकर्मीहरूले त्यसलाई हत्या भनेका छन् भने प्रहरीले आत्महत्या भनेर पन्छाउन खोजेको छ । उनको लाश झुन्डिएको अवस्थामा फेला परेको थियो । यो घटना साउन ५ गते राति भएको थियो । त्यसैगरी नेपालगंजकी ५० वर्षीया निर्मला खातुनलाई अपहरण गरी बेपत्ता पारिएको थियो । उनको आजसम्म पत्ता लाग्न सकेन तर उनको नामको जग्गा भने अरूको नाममा दर्ता भएको छ । यसले गर्दा उनको अपहरण गरी हत्या भएको महिला अधिकारकर्मीहरूको दाबी छ । तर प्रहरीले दुवै घटनामा राम्ररी अनुसन्धान नगरेको र निर्मलाको घटनाको जाहेरी गत वर्ष मङ्सिरमा दर्ता भएकोमा प्रहरीले आजसम्म केही नगरेको भन्दै उनीहरू न्याय माग्दै राजधानी हानिएका हुन् ।**

**नेपालगंजबाट निस्केको न्यायग्राही अधिकारकर्मीहरूको जुलूस असोज १९ गते काठमाडौंका लागि निस्केको थियो । १९ औं दिन उनीहरू धादिङ आइपुगेर यहाँबाट हिंडेका छन् । न्यायार्थीहरूको खुट्टा सुन्निएको छ र लामो यात्राले उनीहरूको शरीरलाई गलाएको छ । तर उनीहरूको न्याय प्राप्तिको चाहनामा अलिकति पनि कमी आएको छैन । नेपालगंजमैं सम्बन्धित निकायलाई जति हारगुहार गर्दा पनि दुवै घटना सम्बन्धमा प्रहरीले चित्तबुझ्दो कारबाई नगरेकोमा उनीहरूको ठूलो आपत्ति छ, निकै चित्त दुखाइ छ । यद्यपि अहिलेको नेपालको राज्य व्यवस्थाले घरघरमा सिंहदरबार भन्ने नारा लगाएको छ, तर सामान्य मानिसले पनि उपरोक्त दुवै घटनाप्रति शङ्काको दृष्टिकोण राख्दासमेत न्याय नपाएर अन्ततोगत्वा सिंहदरबारकै भर पर्नुपर्ने बाध्यता देखिएको छ । झन् निर्मला खातुनको त अपहरण भएको नै वर्ष दिन बितिसकेको छ । जानकारहरूका अनुसार उनको जग्गा सरकार लाग्नुपर्ने हो, तर व्यक्तिको नाममा कसरी नामसारी भयो, शङ्का गर्नुपर्ने यति मात्र कारण पर्याप्त छ । एक समय थियो– न्याय हराए गोरखा जानू भनिन्थ्यो । गोरखा भनेको आजको विस्तृत नेपाल नै हो । हिजोआज गोरखा भए पो न्याय पाउनु भन्ने व्यङ्ग्योक्ति गरिन्छ । र देशको अवस्था हेर्दा साँच्ची नै न्याय कुनै अर्कै ग्रहमा पाइन्छ भन्ने अनुभूति हुन थालेको छ ।**

**यी अधिकारकर्मीहरू किन पैदलयात्रामा हिंडे । किन कुनै बस वा अन्य सवारीसाधनको भर लिएनन् ? वास्तवमा नेपालमा यताका दिनमा न्याय पाउने कि सबलले हो, कि भीडले भन्ने विश्वास स्थापित भइसकेको छ । अधिकारकर्मीहरू चेतनशील भएकाले आफैंलाई दु:ख दिएर पैदलयात्रामा हिंडेका हुन् । यसबाट उनीहरूको मागप्रति सशक्त जनशक्ति एकत्रित होस् भन्ने पनि चाहना हो । उनीहरूको यस दु:खले नेपालको जनमत न्यायको पक्षमा उभिन्छ भने यसले एउटा इतिहास कोर्ने पक्का छ । आखिर कहिलेसम्म निर्बल र निमुखाहरूले शोषण र दमन सहिराख्ने ? कहिलेसम्म महिलालाई आत्महत्या गर्न विवश पार्नेहरू न्याय र कानूनसँग जोगिइरहने ? यसको सत्य-तथ्य पत्ता लाग्दैन भने जतिसुकै कानूनी राज्य भने पनि देशमा मत्स्यन्याय नै बलियो रहेको ठहर्ने छ । र यसले आधुनिक नेपालको छवि धूमिल पारिरहने छ ।**

# दशैं र स्थानीय सरकारको झमेला

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कैयौं महीना बजेट पारित नहुँदा, कर्मचारीले तलब नपाउँदा तलबको लागि आन्दोलन नै गर्नुपरेको अवस्था पनि नदेखिएको होइन । यस अवस्थामा कर्मचारीहरूले आफ्नो तलब समयमा खानुपर्ने वैकल्पिक उपाय हुनुपर्छ भन्ने सोच्नु अस्वाभाविक होइन ।**

आजदेखि दशैं शुरू भएको छ । लामो समयसम्म मनाइने देशको सबैभन्दा ठूलो पर्व दशैं नै हो । हिन्दू धर्मावलम्बीले दश दिनसम्म मान्ने वा मनाउने यो पर्वप्रति हरेक हिन्दूको आस्था हुन्छ । दशैं मान्ने विधि र प्रक्रियामा केही भिन्नता होला तर दशैं नमान्ने सम्भवत: कोही नहोला । अझ दशैंलाई राष्ट्रिय पर्वको संज्ञा दिइएको थियो । यसले गर्दा दशैंको विस्तार भएको सबैले बुझेका छन् । नेपाली समाजमा दशैंको बहुआयामिक महत्त्व छ । कुन क्षेत्र होला जहाँ दशैंको प्रभाव नपरेको होस् । यसले गर्दा दशैंप्रति प्रत्यक्ष वा परोक्ष सबैको आस्था हुन्छ, सबैको आशा हुन्छ । दशैंलाई धेरैले धेरै दृष्टिकोणले पर्वको रूपमा स्वीकार गरेको पाइन्छ ।

अहिले पनि दशैंमा कर्मचारीदेखि व्यवसायीसम्म आशान्वित हुन्छन् । कर्मचारीलाई दुई किसिमको आशा हुन्छ । पहिलो वर्षमा सबैभन्दा लामो छुट्टी, लगातार झन्डै एक हप्ताको छुट्टी हुन्छ । यसै अवसरमा चाडपर्व खर्च पनि पाइन्छ । चाडपर्व खर्च भनेर कमैले बुझ्छन्, दशैं खर्च चाहिं सबैले भन्छन् । यो भनेको एक महीना बराबरको रकम हो । कुनै कर्मचारीले एक महीनाको तलब पाउँछन्, त्यति बराबर दशैं खर्च पनि पाउँछन् । यसले गर्दा दशैंको समयमा कर्मचारीले घटीमा दुई महीनाको तलब बराबर रकम बुझ्दछन् । कर्मचारीलाई दशैंजस्तो चाड मनाउन वा मान्न चाडपर्व खर्चले ठूलो सहयोग पुऱ्याएको हुन्छ ।

दशैंको समयमा सबैभन्दा बढी आशान्वित व्यवसायी किन हुन्छन् भने वर्षको सबैभन्दा बढी बिक्री हुने समय यही हो । कर्मचारीको हातमा पैसा आउँछ भने खर्च पनि हुने नै भयो । सरकारी कोषबाट तलब बुझ्ने सबै किसिमका वेतनभोगी करीब छ लाखको सङ्ख्यामा रहेको बुझिन्छ । यस छ लाखको प्रभाव त बजारमा पर्ने नै भयो । साथै निजी तथा अन्य क्षेत्रमा काम गर्ने कर्मचारीहरूले पनि पाउने चाडपर्व खर्च अहिले नै पाउँछन् । चाडपर्व खर्चको रकम बजारमा पुग्छ । बजारमा रकम प्रभाव बढेपछि व्यवसायीलाई बढी फाइदा हुन्छ । साथै सर्वसाधारणले पनि दशैं मान्नुपर्ने हुँदा करबले पनि रकम खर्च गर्नैपर्छ । सर्वसाधारणले दशैंमा गर्ने खर्च पनि बजारमा नै हो । यसले के देखिएको छ भने दशैंको समयमा हरेक घरमा केही न केही नयाँ लुगाका साथै अन्य साधन र सामान पुगेको हुन्छ । सर्वसाधारणको हातमा पैसा पुगेको र पैसा खर्च गर्ने उपयुक्त समय भएको मानेर धेरै व्यवसायी तथा उद्योगहरूले आफ्नो उत्पादनप्रति सर्वसाधारणको ध्यानाकर्षण गराउन अनेक छुट तथा उपहारको व्यवस्था गरेका हुन्छन् । उपभोक्तालाई आकर्षित गर्ने सबैभन्दा उपयुक्त समय भएको मानेर अधिकांश क्षेत्रले उपभोक्ता लक्षित केही न केही अफर बजारमा ल्याएकै हुन्छन् ।

गत वर्ष कोरोनाले बजारलाई केही प्रभावित पारेको थियो । यस वर्ष पनि कोरोनाको लहर अति नै तीव्र थियो । लगातार दुई वर्ष कोरोनाको कहरले समाज प्रभावित भएकोमा अलिकति पनि शङ्का छैन । कोरोनाले समाजको सम्पूर्ण क्षेत्र प्रभावित भएको अवस्थामा बजारमा पनि यसको असर नदेखिने होइन । बजार पनि प्रभावित भएको अवस्था देखिएकै हो । कोरोनाको कहर बिस्तारै कम हुँदै जाँदा बजारमा चहलपहल बढेकै हो । बजारमा चहलपहल बढ्दा व्यवसायी मात्र नभई अन्य सबै क्षेत्रमा खुशीको सञ्चार हुनुलाई स्वाभाविक मान्नुपर्दछ । बजार चलायमान भएको अवश्य हो तर पनि अपेक्षाकृत बजारमा भीडभाड नभएको व्यवसायीको अनुभूति मात्र होइन, समाजले पनि खल्लो अनुभव गरिरहेको छ । दशैंजस्तो समयमा बजारमा पहिलेको जस्तो उत्साह नहुनुमा धेरै कारण छ । अझै पनि केहीको बुझाइ के छ भने नेपाल–भारत सीमा सबै ठाउँमा सहज हुन सकेको छैन । कतै सहज भएको भए पनि भर्खर भएकोले त्यसको प्रचार हुन सकेको छैन । यसले गर्दा आवागमन स्वाभाविक तथा सहज वा हार्दिक हुन सकेको छैन । पर्यटन तथा व्यवसायमा अझै अपेक्षाकृत सुधार हुन सकेको छैन । अर्को कारण यो पनि हो कि कतिपयले कोरोनाको अर्को लहरको खतरा कायम छ । अर्को लहर यदि आउँछ भने फेरि समाजको धेरै क्षेत्र प्रभावित हुन्छ । यसले गर्दा सर्वसाधारणले खुलेर खर्च गरिरहेको अवस्था छैन । फेरि कोरोनाको कहर आयो भने अर्थतन्त्र अत्यन्त प्रभावित हुने जसबाट जोगिन अहिलेदेखि नै जोहो गर्नुपर्ने अर्थात् खर्चमा किफायत गर्नुपर्ने हुन्छ ।

बजारमा दशैं आइसकेको छ । समाजमा दशैं आइसकेको छ । घटस्थापनाको दिन भनेको अब दशैं आउन बाँकी छ भनेर बुझ्नु हुँदैन तर अझै पनि कतिपय कर्मचारीलाई दशैं धेरै टाढा छ भन्ने लागेको छ । दशैं आइसक्यो भन्ने बुझेका छन् तर आफ्नो लागि दशैं आउन नसकेको बुझाइ धेरै कर्मचारीको रहेको छ । यस्तो बुझाइ आउनुमा स्थानीय सरकार जिम्मेदार छ ।

नयाँ संविधान निर्माण भएपछि देशको सङ्घीयताले औपचारिकता पाएको छ । देशमा साढे सात सयभन्दा बढी स्थानीय सरकारको गठन भएको छ । स्थानीय सरकारले बजेट प्रस्तुत गर्ने गर्दछ । स्थानीय सरकारले बजेट पारित गर्नुपर्ने चलन बसिसकेको छ । यो संवैधानिक व्यवस्था नै हो । सामान्यतया असारको दोस्रो हप्ताभित्र स्थानीय सरकारले बजेट पेश वा पास गर्ने व्यवस्था रहेको छ । यसले गर्दा साउनदेखि बजेट कार्यान्वयनमा जान्छ, तर कतिपय अवस्थामा कतिपय स्थानीय सरकारले समयमा बजेट पेश नगर्दा वा समयमा पारित गर्न नसक्दा विकास निर्माणका साथै कर्मचारीको तलब प्रभावित हुने गर्दछ । शिक्षा, स्वास्थ्य, कृषि, स्थानीयजस्ता क्षेत्रको व्यवस्थापन स्थानीय सरकारमा आइसकेकोले जबसम्म स्थानीय सरकारको बजेट पारित हुँदैन तबसम्म शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्र र स्थानीय तहका कर्मचारीले तलब पाउने सम्भावना हुँदैन । यस व्यवस्थाले गर्दा बजेट कहिले पारित होला र तलब खान पाइएला भन्ने कर्मचारीहरूलाई लागिरहेको हुन्छ ।

सबैले बुझेका छौं कि आर्थिक वर्षको शुरूआत साउनदेखि हुन्छ । साउनदेखि आर्थिक वर्ष शुरू हुँदा कर्मचारीले बढेको तलब पनि यही महीनादेखि पाउँछन् । आर्थिक वर्षको दृष्टिकोणले साउन पहिलो महीना भएको हुनाले अधिकांश कर्मचारीले साउन महीनाको तलब भदौमा पाउँछन् । तर जुन स्थानीय तहको बजेट पारित भएको हुँदैन, त्यहाँका कर्मचारीको मनमा सदैव शङ्का बनिरहन्छ कि बजेट पास भएन भने तलब खान पाइन्छ कि पाइन्न । कर्मचारीले समयमा तलब पाएनन् भने मनोवैज्ञानिक तनाव शुरू हुन्छ । तलब आएन भने घरपरिवार चलाउन समस्या हुन्छ भन्ने कुराले बारम्बार घोचिरहन्छ । अरू समयमा नभए पनि चाडपर्वको समयमा त तलब आउँछ र खर्चबर्च चल्छ भन्ने सबैलाई परेको हुन्छ । अझ जब चाडपर्व आइसक्छ, अर्थात् दशैं आइसक्छ र पनि बजेट पारित भइसकेको हुँदैन भने कर्मचारीलाई कस्तो पर्दो होला अनुमान मात्र लगाउन सकिन्छ ।

कर्मचारीले बजारबाट उधारो पनि लिएका हुन्छन् । तिरोतारो गर्नुपर्ने हुन्छ । कतिपयले बैंकबाट ऋण लिएका हुन्छन् जसको ब्याज र किस्ता तिर्नुपर्ने हुन्छ । अझ घरपरिवारका अन्य समस्या हुन्छन् । नियमित अन्य कार्य गर्नुपर्ने हुन्छ । बालबालिकाका केही अपेक्षाहरू चाडपर्वकै समयमा पूरा गर्नुपर्ने हुन्छ । गाउँ समाजमा पनि कतिपय सामूहिक वा सार्वजनिक काममा धेरथोर सहयोग गर्नुपर्ने हुन्छ । औषधि उपचारमा खर्च गर्नुपर्ने हुन्छ । बालबालिकाको विद्यालय शुल्क तिर्नुपर्ने हुन्छ । खानेपानी, बिजुली, टेलिफोन, बीमा, पत्रपत्रिकालाई पनि तिर्नुपर्ने हुन्छ । अझ दशैंसम्म तलब आउने ठेगान नहुनु भनेको कर्मचारीले कम्तीमा तीन महीनादेखि तलब नपाउनु हो । यो समय भनेको वर्षको एक चौथाई अवधि हो । यसले कर्मचारीको घरपरिवारको अर्थतन्त्रमा कति प्रभाव पार्छ भन्ने कुरा सजिलै बुझ्न सकिन्न । कतिपयले त सोझै भनिदिन्छन् कि तलब आउँदा खर्च भइहाल्छ, नआएकोले बचत भइराखेको छ । तर यसरी भन्नेले यो कुरा बुझेको हुँदैन कि आवश्यकता काटेर बचत गर्न सकिन्न । कतिपय आवश्यकता त यस्तो हुन्छ कि तत्काल पूरा गर्नुपर्दछ र तत्काल पूरा नभए यसले घरपरिवारमा हानि पुऱ्याउँछ ।

स्थानीय तहमा त अनेक राजनीति हुन्छ । दुई दल वा निर्वाचित जनप्रतिनिधिबीच मत मिलेन भने समयमा बजेट पारित हुँदैन । कतिपय पालिकामा कैयौं महीना पछिसम्म पनि बजेट पारित हुँदैन । कैयौं महीना बजेट पारित नहुँदा, कर्मचारीले तलब नपाउँदा तलबको लागि आन्दोलन नै गर्नुपरेको अवस्था पनि नदेखिएको होइन । यस अवस्थामा कर्मचारीहरूले आफ्नो तलब समयमा खानुपर्ने वैकल्पिक उपाय हुनुपर्छ भन्ने सोच्नु अस्वाभाविक होइन । अहिले पनि दशैं आइसकेको छ र अझै पनि कैयौं पालिकाको बजेट पारित हुन सकेको छैन । यसले गर्दा कैयौं पालिकाका कर्मचारीले भन्न थालेका छन् कि पालिकाको झमेलाले समयमा तलब पाउन नसक्दा धेरै कठिनाइ भएको छ । पालिकाको झमेलाबाट तलबलाई अलिक फरक राखे हुन्थ्यो कि ? सबैमा बडा दशैंको हार्दिक मङ्गलमय शुभकामना !

# भन्सार विभागका महानिर्देशकलाई वीरगंजका व्यवसायीको ज्ञापन

प्रस, वीरगंज, २० असोज

भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटालाई वीरगंजका व्यवसायीहरूले ज्ञापनपत्र बुझाएका छन् । काठमाडौंमा भेटेर वीरगंजका व्यवसायीहरूले भन्सार जाँचपासमा दैनिक खेप्नुपर्ने झन्झट तथा समस्या समाधान गर्न विभिन्न सुझावसहित ज्ञापनपत्र बुझाएका हुन् ।



भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटा(दायाँ)लाई ज्ञापन दिंदै वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता । तस्वीर: सौजन्य

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता नेतृत्वको टोलीले भन्सार विभागका महानिर्देशक सापकोटासँग भेट गरी ज्ञापनपत्र बुझाएको थियो ।

भन्सार चेकजाँचका क्रममा पेश गरिएको बिलमा अङ्कित मूल्यलाई मान्यता दिनुपर्ने, भन्सार मूल्याङ्कनको क्रममा देखिएका समस्या समाधान गर्नुपर्ने, कच्चा पदार्थको आयात दरबन्दी शून्यमा झार्नुपर्ने, धरौटी राख्नुपर्ने प्रावधान हटाउनुपर्नेलगायत लिखित सुझाव दिइएको वीउवासङ्घका अध्यक्ष गुप्ताले बताए ।

भन्सार जाँचपासमा देखिने व्यावहारिक तथा नीतिगत जटिलतालाई सहज बनाउन आग्रह गरिएको उनले बताए ।

भन्सार विभागका महानिर्देशक सापकोटाले भन्सार प्रशासन र निजी क्षेत्र परिपूरक भएकाले वीउवासङ्घबाट प्रस्तुत भन्सारसम्बन्धी सुझावलाई सकारात्मकरूपमा लिएको र भन्सारसम्बन्धी आगामी नीतिगत परिपत्रमा समावेश गर्ने आश्वासन दिए । टोलीमा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल पनि सहभागी थिए ।

# एकीकृत समाजवादीको वडा भेला

प्रस, सिम्रौनगढ, २० असोज/

सिम्रौनगढ नगरपालिका–५ सानो इटवालटोलामा नेकपा एकीकृत समाजवादी पार्टीको भेलाले वडा कमिटी गठन गरेको छ ।

नेकपा एकीकृत समाजवादी पार्टी सिम्रौनगढका नगर अध्यक्ष गगनदेव कुशवाहाको अध्यक्षतामा भएको भेलाले दोस्तम अन्सारीको अध्यक्षतामा २१ सदस्यीय वडा कमिटी गठन गरेको हो । वडा कमिटीको उपाध्यक्ष भोजु महतो, सचिव कैलाश महतो, सहसचिव रामतुल्लाह अन्सारीलगायत सदस्यहरू छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वीरगंजमा चाडबाड लक्षित सस्तो बजार खुल्दै
## २० प्रतिशत छुटमा सामान पाइने

प्रस, वीरगंज, २० असोज/

वीरगंजमा चाडपर्व लक्षित सस्तो बजार शुरू हुने भएको छ । वीरगंज उद्योग वाणिज्य सङ्घको आयोजनामा हरेक वर्षझैं यस वर्ष पनि घटस्थापनाको दिनदेखि करीब १५ दिन सस्तो बजार लाग्न थालेको हो ।

सङ्घका अध्यक्ष सुबोध गुप्ताका अनुसार बजारभन्दा १० देखि २० प्रतिशत छुटको व्यवस्था गरेर बजार सञ्चालन गर्ने तयारी भइरहेको छ ।

हिन्दू धर्मावलम्बीहरूको महान् पर्व विजयादशमीको अवसरमा उपभोक्ताहरूलाई सहुलियत दिने उद्देश्यले सङ्घले हरेक वर्ष सस्तो बजार लगाउँदै आएको सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल पटवारीले बताए । यद्यपि गत वर्ष कोरोना भाइरसको महामारीका कारण सस्तो बजार सञ्चालन भएन । साल्ट ट्रेडिङ, घरेलुसहित जिल्ला प्रशासन कार्यालयलगायतसँग सस्तो बजार सम्बन्धमा छलफल भइरहेको पटवारीले जानकारी गराउँदै आम उपभोक्ताले प्रयोग गर्ने किरानादेखि ग्याँससहितका सामग्री स्टल राखेर बिक्री गर्ने लक्ष्य राखिएको बताए ।

यसपालि टिबडेवाल धर्मशालामा सस्तो बजार लाग्दैछ ।

यसअघि वीरगंज उद्योग वाणिज्य सङ्घकै भवनमा सस्तो बजार लाग्ने गरेको थियो ।

धर्मशाला बजारको मध्य भागमा पर्ने भएकोले किनमेल गर्नेको उपस्थिति बाक्लो हुने अपेक्षा गरिएको छ । चाडबाडको समयमा उपभोक्ताहरूलाई थोरै भएपनि सहुलियत दिंदा चाडबाडको रौनक बढ्ने र सङ्घको गरिमा पनि उच्च हुने विश्वासका साथ हरेक वर्ष बजार लगाइँदै आएको छ ।

# प्रहरी दिवसमा महिला हिंसासम्बन्धी कार्यक्रम

प्रस, परवानीपुर, २० असोज/

वीरगंज–३० लालपर्सामा महिला हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।



६६औं नेपाल प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय पर्साको आयोजनामा भएको कार्यक्रममा महिला हिंसा रोकथामबारे छलफल भएको थियो ।

प्रहरी चौकी परवानीपुरको व्यवस्थापनमा लालपर्सा गाउँको धर्मशालामा सम्पन्न कार्यक्रममा रूढिवादी सोच तथा अशिक्षाको कारण महिला हिंसा हुने गरेको र जबसम्म समाज शिक्षित हुँदैन, तबसम्म यस्तो परिपाटी चलिरहने भएकोले शिक्षामा जोड दिन वक्ताहरूले जोड दिएका थिए ।

दिउँसो १२ देखि २ बजेसम्म चलेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, प्रहरी निरीक्षक सौरभ राणा, दीपेन्द्र साह, वडा नं ३० का अध्यक्ष अमानत अन्सारी, प्रहरी चौकीका प्रहरी नायब निरीक्षक सुरेशनारायण साह, नमूना युवा क्लब लालपर्साका अध्यक्ष गगनदेव यादव, लालपर्साका अगुवा मनोज यादव, वर्मा यादव, दिनानाथ मण्डललगायत तीन सयभन्दा बढी गाउँलेको सहभागिता थियो ।

# अपाङ्गलाई ह्वील चेयर प्रदान



प्रस, सेढवा, २० असोज/

हेल्प मधेसी मलेसियाका केन्द्रीय सचिव धनुषाधाम नगरपालिका–५ निवासी विजय मण्डलको आर्थिक सहयोगमा पर्सा जिल्ला जगरनाथपुर गाउँपालिका–१ पिडारीगुठी बस्ने १८ वर्षीय अपाङ्गलाई ह्वील चेयर प्रदान गरिएको छ ।

पिडारीगुठीस्थित बिओपी महादेवपट्टिका कार्यालय प्रमुख सशस्त्र प्रहरी निरीक्षक केदार राईले मण्डललाई ह्वील चेयर प्रदान गरेका थिए । कार्यक्रममा सशस्त्र प्रहरी नायब निरीक्षक शेरबहादुर बम, बृजेश्वरप्रसाद चौधरी, कन्हैया पटेललगायतको सहभागिता थियो ।

# विद्यार्थीलाई सहकारीबारे प्रशिक्षण

प्रस, वीरगंज, २० असोज/

कोअपरेटिभ लिटर्स क्लब पर्साको आयोजनामा नेफस्कुन फिल्ड कार्यालय वीरगंजको प्राविधिक सहयोगमा बुधवार वीरगंज महानगरपालिका–२४ मा रहेको शारदा मावि बहुअरीमा सहकारी शिक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेफस्कुनका प्रबन्धक बृजेश गुप्ता र बचत सङ्घका सञ्चालक सदस्य कुन्दन पालले सहभागी विद्यार्थीहरूलाई सहकारीको विषयमा प्रशिक्षण दिएका थिए ।

कोअपरेटिभ लिटर्स क्लब पर्साका अध्यक्ष रामनिवास देहातीको अध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी सङ्घ पर्साका अध्यक्ष राजेश पडितको प्रमुख आतिथ्यमा भएको उद्घाटन सत्रमा शिवम् साकोसका प्रबन्धक राजेन्द्र जैसवाल, शारदा माविका प्रधानाध्यापक रामनारायण मिश्रलगायतको सहभागिता थियो ।

कार्यक्रममा स्वागत बिस्कोका अध्यक्ष डम्बरबहादुर कार्कीले र सञ्चालन बृजेश गुप्ताले गरेका थिए ।

# वीरगंजमा बङ्गाली समाज गठन

प्रस, वीरगंज, २० असोज/

वीरगंज महानगरमा बसोवास गर्ने बङ्गालीभाषी नेपालीहरूको भेलाले नेपाल राष्ट्रिय बङ्गाली समाज गठन गरेको छ ।

वीरगंज–१० गीतामन्दिरअगाडि रहेको दुर्गामन्दिरमा समाजका प्रदेश २ संयोजक विमलचन्द सरकारको अध्यक्षता तथा समाजका केन्दीय अध्यक्ष पार्थो सरकारको प्रमुख आतिथ्यमा भएको भेलाले सन्दीप बनर्जीको अध्यक्षतमा नेपाल राष्ट्रिय बङ्गाली समाज, पर्सा तदर्थ समिति गठन गरेको समितिका सचिव डा चन्दन बनर्जीले बताए ।

गठित समितिको उपाध्यक्ष कुशल गोहो ठाकुर, कल्पना दास, सचिव दिलीप राउत, कोषाध्यक्ष रेणु राउत र सदस्यहरूमा मिहिरचन्द्र अधिकारी, डा गोविन्दकुमार साह, मोहनकुमार मण्डल, कृष्णकुमार दास, अमरदीप सरकार, रुद्र हल्दर, सुमना बनर्जी र निलोय मजमुदार छन् ।

कार्यक्रमका प्रमुख अतिथि सरकारले नेपालमा ठूलो सङ्ख्यामा बङ्गालीभाषीहरू पुस्तौंदेखि बसोवास गरे पनि सङ्गठित नभएका कारण बेग्लै पहिचान स्थापित हुन नसकेको बताए । राष्ट्रिय जनगणना २०७८ मा आफ्नो थर मात्र उल्लेख नगरेर समुदायको रूपमा बङ्गाली लेख्न आफूहरूले समुदायका मानिसहरूसँग आह्वान गरेको उनले बताए । सङ्गठित भएपछि अल्पसङ्ख्यकको रूपमा आफूहरूको पहिचान, भाषा र संस्कृतिको जगेर्नामा मदत मिल्ने उनले बताए ।

# कोभिडमा सञ्चारकर्मीको भूमिका प्रशंसनीय -नगरप्रमुख सरावगी

प्रस, वीरगंज, २० असोज/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले कोरोना महामारीमा सञ्चारकर्मीहरू आफैं सङ्क्रमित भएर पनि नागरिकलाई सूचना दिने कार्यमा जिम्मेवारीपूर्वक प्रस्तुत भएको बताएका छन् ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै मेयर विजय सरावगी ।

सामुदायिक रेडियोहरूको दक्षिण एशिया क्षेत्रको सङ्गठनको सहयोगमा नारायणी एफएमले बुधवार भिस्वामा आयोजना गरेको कार्यक्रममा नगरप्रमुख सरावगीले महामारीको सङ्कटमा सञ्चारगृह सञ्चालन निकै चुनौतीपूर्ण भएपनि सञ्चारमाध्यमहरूले खेलेको भूमिका प्रशंसायोग्य रहेको बताए ।

उनले सामुदायिक रेडियोले खेलेको भूमिका अतुलनीय रहेको बताए। व्यावसायिक र सामुदायिक रेडियोमा खासै भिन्नता नभएको चर्चा गर्दै नगरप्रमुख सरावगीले सामुदायिक रेडियोले सामाजिक दायित्वलाई बुझेर काम गरेको बताए ।

कोभिडमा केन्द्र र प्रदेश सरकारले गर्न नसकेको काम स्थानीय सरकारको हैसियतले वीरगंज महानगरपालिकाले गरेको र सञ्चारमाध्यमको भूमिकाले नै आफूले विपद् व्यवस्थापनमा सहजता महसूस गरेको बताए ।

सामुदायिक रेडियो प्रसारक सङ्घका पूर्वमहासचिव गोविन्द देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, प्रदेश महासचिव श्याम बन्जारा, अकोराबकी प्रदेश सदस्य उपासना देव, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# दिल्लीबाट ११ वर्षीया बालिकाको उद्धार

प्रस, परवानीपुर, २० असोज/

वीरगंजकी ११ वर्षीया एक बालिकालाई भारतको राजधानी दिल्लीबाट उद्धार गरिएको छ। वीरगंज–१५ लक्ष्मनवा घरबाट गत जुलाई ११ तारिखको दिन बिहान ७ बजे उनी बेपत्ता भएकी थिइन् ।

करीब तीन महीनापछि उनलाई फेला पार्न र परिवारमा फिर्ता ल्याउन केआई नेपाल आफन्त नेपाल संस्थाले मदत गरेको हो । उद्धार गर्ने संस्थाका भारत प्रमुख नवीन जोशीको प्रयासमा भारतका विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी बुधवार ११ वर्षीया बालिकालाई वीरगंजस्थित परिवारको जिम्मा लगाइएको हो ।

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा बुधवार भएको कार्यक्रममा सरोकारवालाहरूबीच ती बालिकालाइ उनको बुबालाई जिम्मा लगाइएको थियो। गरीबीको कारण ती बालिका अर्कैको घरमा काम गरिरहेको अवस्थाबाट बेपत्ता भएकी थिइन् । घरबाट हिंड्दा उनीसँग नेपाली रु ५ सय मात्र थियो । लक्ष्मनवाबाट ३० रुपैयाँ भाडा दिएर रक्सौल मितेरी पुलसम्म र विनाटिकट रक्सौल रेलवे स्टेशनबाट दिल्लीको ट्रेनमा दिल्ली रेलवे स्टेशन पुगेकी थिइन्। रेलको लामो यात्रापछि उनी रेलवे स्टेशनमा अलपत्र परी रुँदै कराउँदै गरेको अवस्थामा भारतीय प्रहरीले भेटेपछि उनलाई सामाजिक संस्थाको सेल्टर हाउसमा राखिएको थियो। केआई नेपाल आफन्त नेपाल संस्था विगत १२ वर्षदेखि मानव तथा चेलीबेटी बेचबिखन अभियानविरुद्ध काम गर्दै आएको संस्था हो ।

पत्रकार सम्मेनलमा बालिकाका बुबाले परिवारजनले कुनै किसिमको मानसिक यातना वा घर छाडेर भाग्नुपर्ने अवस्था सिर्जना नगर्दा पनि छोरी दिल्ली पुगेको घटनाप्रति पर्सा प्रहरीलाई अनुसन्धान गर्न सुझाव दिएका छन् । वडा नं १५ का निलम्बित अध्यक्ष गजेन्द्रप्रसाद कुर्मीले कसैको प्रलोभनमा परी बालिका दिल्ली पुगेको घटना हुन सक्ने भएकोले वास्तविकता छानबीन गर्न अपील गरे । बालिका करीब पौने तीन महीनापछि घर फर्केकीले धेरै कुरा बिर्सेको र बोल्न मानेकी छैनन् । उनले आफ्नो बुबालाई देखेर भावविह्वल भएर केहीबेर रोएकी थिइन् । कार्यक्रममा भारतीय महावाणिज्यदूत नितेश कुमार, पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक निर्मल थापा, वाणिज्यदूत शैलेन्द्र कुमारलगायतले घटनाको बारेमा भारतीय संस्थाले खेलेको भूमिकाको प्रशंसा गरेका थिए ।

**वार्षिक दुई सय बालबालिकाको उद्धार गर्दै केआई नेपाल**

पछिल्लो समय नेपालबाट भारतमा हुने मानव तथा बालबालिकाको तस्करी निकै बढेको छ। केआई नेपाल भारतका प्रमुख नवीन जोशीका अनुसार कोभिडपछि बाल श्रमिक र यौन पेशाका लागि वार्षिक सयौं बालबालिकाको तस्करी भइरहेको छ । वार्षिक डेढ सयदेखि दुई सयको हाराहारीमा उक्त संस्थाले मात्रै नेपाली बालबालिका तथा युवायुवतीहरूको उद्धार गरी फिर्ता ल्याउने गरेको छ ।

१५ वर्षमुनिकालाई बालश्रमिकको रूपमा होटल, कारखाना तथा घरमा काम गराइन्छ भने १५ वर्ष बढीका बालिकालाई यौन व्यवसायमा भारतका विभिन्न शहरमा पुर्‍याउने गरिन्छ। यस्तो काममा नेपालदेखि भारतसम्म ठूल्ठूला गिरोहले नै काम गरिरहेको उनले औंल्याए ।

# आइसिटी प्रयोगशालाको उद्घाटन तथा साइकल वितरण

प्रस, वीरगंज, २० असोज/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले सूचना प्रविधि प्रयोगशालाको उद्घाटन गरेका छन् ।

सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि महानगरपालिकाले माईस्थान बाल विद्या मन्दिर इन्दु लाखे आधारभूत विद्यालयमा निर्माण गरेको सूचना प्रविधि प्रयोगशालाको बुधवार उद्घाटन गरेका हुन् । सो अवसरमा उनले सूचना प्रविधिको विकासले विद्यार्थीहरूमा अतिरिक्त शिक्षा र सीप विकासमा सहयोग पुग्ने दाबी गरे । यसैगरी, नगरप्रमुख सरावगीले प्रदेश सरकारको बेटी बचाऊ, बेटी पढाऊ अभियान अन्तर्गत साइकल वितरण गरे। कार्यक्रममा जनता समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमदलगायतको सहभागिता थियो ।

यसैगरी, नगरप्रमुख सरावगीले लामो प्रयासपछि सिद्धार्थ माविमा ११ र १२ कक्षा सञ्चालनमा ल्याउन सफल भएको बताए ।

आजै सो विद्यालयले कक्षा ११ का विद्यार्थीहरूको स्वागतमा आयोजना गरेको कार्यक्रममा नगरप्रमुख सरावगीले आफू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुँदादेखि नै कक्षा १२ सम्म सञ्चालनको तयारीमा लागेको र नगरप्रमुख भएपछि आफैंले कक्षा ११ को पहिलो समूहलाई स्वागत गर्न पाउँदा खुशी लागेको बताए। चालू शैक्षिक सत्रबाट सिद्धार्थ माविमा कक्षा ११ सञ्चालनमा आएको हो ।

# पर्सा काङ्ग्रेसको निर्वाचन दशैंपछि हुने

प्रस, वीरगंज, २० असोज/

नेपाली काङ्ग्रेसको प्रदेश २ मा निर्वाचन प्रक्रिया दशैंपछि मात्र शुरू हुने सङ्केत पाइएको छ ।

महाधिवेशनलाई लक्षित गरेर देशभर वडा, पालिका, प्रदेश, क्षेत्रीय र जिल्ला अधिवेशनहरू सम्पन्न भएपनि प्रदेश २ का आठ जिल्ला र अन्य प्रदेशका पाँच जिल्लामा निर्वाचन प्रक्रिया शुरू हुन सकेको छैन ।

प्रदेश २ का आठ जिल्लामध्ये अहिले बल्लतल्ल छवटा जिल्लाको क्रियाशील सदस्यता विवाद सकिएको छ भने बारा र रौतहट जिल्लामा क्रियाशील सदस्यता विवाद अझै सकिएको छैन ।

पर्सा जिल्लाको क्रियाशील सदस्यता विवाद सकिएको छ तर केन्द्रीय प्रतिनिधि नतोकिएकोले दशैंपछि नै निर्वाचन प्रक्रिया शुरू हुने नेका पर्साका सचिव श्याम पटेल बताउँछन् । उनले सम्भवतः आठवटै जिल्लाको निर्वाचन प्रक्रिया दशैंपछि मात्र शुरू हुने बताए ।

क्रियाशील सदस्यताको विवाद सकिएपछि केन्द्रीय प्रतिनिधि तोक्ने र प्रतिनिधिले निर्वाचन विधि तयार गर्ने हुँदा प्रतिनिधि नतोकिएकाले अब दशैंअगावै निर्वाचन प्रक्रिया शुरू हुन कठिन हुने सचिव पटेलको बुझाइ छ ।

# लागूऔषधसहित तीनजना पक्राउ

प्रस, वीरगंज, २० असोज/

प्रहरीले दुई किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ । कालिकामाई गाउँपालिका–१ मुर्ली निवासी ३० वर्षीय लोकराज पटेललाई दुई किलो गाँजासहित पक्राउ गरेको जिप्रका पर्साले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कालिकामाईले चेकजाँचको क्रममा पटेलले बोकेको झोलाबाट दुई किलो गाँजा बरामद भएपछि निजलाई पक्राउ गरेको जनाएको छ ।

त्यसैगरी, पर्सा प्रहरीले दुईजना युवकलाई लागूऔषधसहित बुधवार पक्राउ गरेको छ ।

दिउँसो २ बजे शङ्कराचार्य द्वारबाट प्रहरीले काठमाडौं महानगर निवासी २६ वर्षीय रवीन्द्र खत्री र हेटौंडा उपमहानगरपालिका निवासी १९ वर्षीय राकेश गुरुङलाई डाइजेपाम, नुर्फिम, फेनारगन तीन सय थानसहित पक्राउ गरेको बताएको छ ।

# विद्यार्थीहरूलाई पुस्तक वितरण

प्रस, पोखरिया, २० असोज/

कालिकामाई गाउँपालिका–२ का वडाध्यक्ष सोनालाल चौरसियाले सुपही साह मावि भेडियारीमा कक्षा ११ मा अध्ययरत विद्यार्थीहरूलाई पुस्तक वितरण गरेका छन्। सुपही साह मावि भेडिहारीमा कक्षा ११ मा अध्ययनरत व्यवस्थापन र शिक्षा सङ्कायका ६५ जना विद्यार्थीलाई पुस्तक वितरण गरिएको थियो। विद्यार्थीहरूले व्यवस्थापन र शिक्षा सङ्कायतर्फ दुई/दुई थान पुस्तक माग गरेकाले उनीहरूलाई वडाध्यक्षले निजी खर्चमा पुस्तक वितरण गरेका हुन् । यसैगरी, वडा पालिकाको तर्फबाट वडाध्यक्ष चौरसियाले २५ थान पङ्खा र कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको परिचयपत्र बनाइदिएका छन् ।




कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद चौरसिया, वडा सदस्य जयकिशन मण्डल, शिक्षक धर्मेन्द्र चौरसिया, स्थानीय वीरेन्द्र कुशवाहालगायतको सहभागिता थियो ।

# खाडीमा भन्दा बारीमा मनग्य कमाइ

–ध्रुवसागर शर्मा
गलेश्वर, २० असोज

'सोचेजस्तो हुन्न जीवन, खोजेजस्तो हुन्न जीवन...' भन्ने गीतका शब्द र भाव धेरैको जिन्दगीसँग मेल खान्छ।

गायिका अरुणा लामाको स्वरमा रहेको सो गीत घर–परिवार, समाज र आफ्नै देश छोडेर पैसा कमाउने र सुखी जिन्दगी बिताउने लालसामा वैदेशिक रोजगारका लागि विदेश गएर सयौं हण्डर खाएका युवाको जिन्दगी सोचेजस्तो हुने कुरै भएन।

अरबका खाडीमा खाइनखाई पसिना बगाएर दशनङ्ग्रा खियाउँदा पनि राम्रो कमाइ गर्न नसकेपछि गाउँमा फर्केर तरकारी र फलफूलखेती गरेका म्याग्दीका केही युवाले खाडीभन्दा तीन गुणा बढी आम्दानी गरेर मनमा सन्तोष र मुहारमा खुशी फर्काउन सफल भएका छन्।

त्यस्ता धेरै युवामध्ये तीनजना प्रतिनिधि पात्र हुन्– म्याग्दीको मङ्गला गाउँपालिकाका जीवन पौडेल, बेनी नगरपालिका–२ ज्यामरूककोटका हरिलाल घिमिरे र बेनी नगरपालिका–६ अर्थुङ्गेका नरेश जिसी।

जीवनको उर्वर समय मुग्लानमा पसिना बगाउँदै बिताएका यी तीनैजना युवाको पहिले र अहिलेको अवस्था करीब–करीब मिल्दोजुल्दो छ। साउदी अरब, कतार र युएईमा एक दशकभन्दा बढी परिश्रम गर्दा पनि राम्रो कमाइ गर्न नसकेपछि स्वदेशमा फर्केर माटोसँग खेल्दै तरकारी खेतीमा लागेका यी तीनजना युवाको जीवनको उत्तरार्द्धमा बल्ल हरियाली छाउन थालेको छ।

मङ्गलाका ४७ वर्षीय पौडेल, ज्यामरूक कोटका ५३ वर्षीय घिमिरे र


तस्वीरः फाइल

अर्थुङ्गेका ४८ वर्षीय जिसीले जीवनको युवा अवस्था क्रमशः साउदी अरब, कतार र युएईको चर्को घाममा पसिना बगाउँदै बिताए। खाडी मुलुकमा पसिना बगाए पनि खासै राम्रो कमाइ गर्न नसकेपछि घर फर्केर हलो र कोदाली बोकी आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि उनीहरूको जिन्दगीमा खुशी फर्केको छ।

अर्का किसान घिमिरे पनि तरकारी खेतीबाट सन्तुष्ट छन्। "विदेशमा कमाइ गर्न नसकेपछि फर्केर गाउँ आएँ, अनि तरकारी खेती शुरू गरें"–उनले भने–"कतिले मलाई विदेश छोडर बारीको माटोमा पैसा फलाउने रे भनेर गिज्याए। तर, म आफ्नो काममा लागिरहें।" घिमिरे भन्छन्– यही माटोमा पसिना बगाउन थालेपछि मैले बुझें विदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाउने हो भने पैसा यही फल्दोरहेछ।

त्यसैगरी अर्थुङ्गेका जिसी पनि विदेशको बसाइलाई बिट मारेर गाउँमैं कृषि कर्ममा रमाउँदै राम्रो कमाइ गरिरहेका छन्। उनको तीन रोपनी बारीभरी लटरम्म तरकारी फलिरहेको छ। बजारमा स्थानीय तरकारीको माग रहेकोले बिक्रीको कुनै समस्या छैन। तरकारी बेचेर मासिक ३० हजारभन्दा बढी आम्दानी हुने गरेको उनले बताए।

अहिले रोजगार पाउन नसकेको भन्दै धेरै युवा विदेशिने गरेका छन्। तर, म्याग्दीमा भने विदेशबाट फर्केर आएका युवाले तरकारी, फलफूल खेती र पशुपालन गरेर विदेशभन्दा बढी कमाइ गरिरहेका छन्। स्थानीय तह र सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाले पनि व्यावसायिक किसानलाई प्रोत्साहन गर्ने, कृषि औजारदेखि मल बीउसम्म सहयोग गर्ने र आर्थिक अनुदान समेत उपलब्ध गराउने गरेकाले धेरै युवाको कृषि पेशातर्फ आकर्षण बढ्दै गएको पाइएको छ।

युवालाई कृषि पेशातर्फ आकर्षित गराउन कृषि औजार र मल–बीउ खरीदमा अनुदान, सिंचाइको प्रबन्ध, ठूलो क्षेत्रफल र ठूलै समूहमा खेती–किसानी गर्न प्रोत्साहन गर्नुपर्ने यस क्षेत्रमा लागेका युवा बताउँछन्। । जिसीले भने–"हामी पाँच लिटर दूध उत्पादन गरेर बिक्री हुँदैन, के गाईपालन गर्नु भन्छौं। एक डोको सिमी फलाएर बिक्री नै हुँदैन, किन सब्जी खेती गर्नु भनेर क्यारेमबोर्ड खेलेर बस्छौं। त्यसो होइन। हामीले हरेक उत्पादन ठूलो मात्रामा गर्नुपर्छ।"

उनका अनुसार कृषिलाई परम्परागत होइन, आधुनिक र प्रविधि सम्बद्ध पारेर थोरै श्रमबाट धेरै उत्पादन लिन सक्नुपर्छ, जसले गर्दा लागत कम हुन्छ।

यसका साथै यसले ग्रामीण र कृषि पर्यटनको सम्भावना पनि उत्तिकै बढाउँछ। सबै युवा उद्यममा लागेपछि गाउँमा दिगो आर्थिक गतिविधि हुनेछ।

# पितृपक्ष समापन गरियो

–पूर्णप्रसाद मिश्र
काठमाडौं, २० असोज/रासस

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरू भएको पितृपक्ष बुधवार अपराह्नकालमा दिवङ्गत पितृका नाममा तर्पण, सिधादान र पिण्डदान गरी समापन गरियो। आश्विन कृष्ण प्रतिपदादेखि शुरू हुने पितृपक्ष आश्विन कृष्ण आमावस्याका दिन दिवङ्गत पितृका नाममा तर्पण, सिधादान र पिण्डदान गरी आज समापन गरिएको हो। आश्विन शुक्ल प्रतिपदाका दिन गरिने मातामह (आमाको बा)को श्राद्ध भने बिहीवार गरिनेछ। पितृपक्षका १५ तिथि र आश्विन शुक्ल प्रतिपदाको एक दिन गरी सोह्र तिथिका दिनसम्म दिवङ्गत पितृका नाममा तर्पण, सिधादान र पिण्डदान गरिने भएकाले यसलाई सोह्रश्राद्धसमेत भनिन्छ।

यस वर्ष असोज ५ गतेदेखि शुरू भएको पितृपक्ष आज असोज २० गते विधिवत् समापन गरियो। पितृपक्षको अन्तिम दिन आज आमावस्या अर्थात् औंसी तिथि श्राद्ध गरिन्छ। कुनै कारणवश यो पक्षका अरू तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए आज गर्नुपर्छ भन्ने शास्त्रीय मत छ। कुनै कारणवश अड्किएर आज पनि गर्न नसकेमा आपत् धर्म अनुसार आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतम बताउँछन्।

यो समयमा पनि कारणवश सोह्रश्राद्ध गर्न नसकिए कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कार्तिक कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत उनले सुनाए। यो विकल्प अहिले कोरोनाजस्तै कारण सिर्जना हुने परिस्थितिका लागि दिइएको हो।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औंसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्प निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रमा दिइएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्राडा देवमणि भट्टराईले जानकारी दिए। त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिए सक्नेले आफैं नसक्नेले ब्राह्मणमार्फत वैदिक मन्त्रले दैनिक १०८ जप गर्न सकिने शास्त्रीय विकल्प रहेको धर्मशास्त्रविद् भट्टराईले जानकारी गराए। विधिपूर्वक यस्तो जप १० महीनासम्म गर्नुपर्छ। यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ।

चाडपर्व यज्ञ–यज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो। यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

पितृपक्षका बेला पितृलोकबाट दिवङ्गत पितृहरू पिण्ड, पानीको आसले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ। यस अवसरमा शास्त्रीयरूपमा दिइएका विकल्प अनुसार कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ।

यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्व पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ। वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला माङ्गलिक कार्य गर्नुअगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्रश्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्रश्राद्ध, औंसी तिथिमा मृत्यु भएका पुरुषको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्मकपाली जस्ता श्राद्धहरू प्रचलित रहेका छन्।

यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् गौतम बताउँछन्।

सोह्रश्राद्ध अपराह्नकालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उनले सुनाए। यस अवसरमा उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणी लगायत तीर्थस्थलमा पनि पितृश्राद्ध गर्नेको भीड लागको छ। अरूको घरमा डेरा गरी बसेकाले तीर्थमा गई श्राद्ध गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता छ। अरूको घरमा श्राद्ध गर्नुहुँदैन भन्ने शास्त्रीय मान्यताका आधारमा तीर्थमा गई श्राद्ध गर्ने गरिएको हो।

पितृपक्षको समाप्तिसँगै दुर्गापक्ष अर्थात् बडादशैं शुरू हुन्छ। यही असोज २१ गते बिहीवार घटस्थापना गरेसँगै दुर्गापक्ष शुरू हुने समितिले जनाएको छ। दुर्गापक्ष नै नेपाली महान् चाडका रूपमा मनाउने बडादशैंको समय हो।


पर्सा जिल्लाको जीराभवानी गाउँपालिका–२ मा एकजना मानिसले पालेको मयूर खेतबारीमा चर्दै गरेको दृश्य। तस्वीरः ओमप्रकाश चौधरी

# पर्सागढीको पाँचौं नगरसभा सम्पन्न

प्रस, पर्सागढी, २० असोज/

पर्सागढी नगरपालिकाको पाँचौं नगरसभाले आव २०७८/७९ को लागि रु ६७ करोड ७७ लाख ७० हजारको बजेट पारित गरेको छ।



पर्सागढी नपा–८ को नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय हरपुरमा भएको पाँचौं नगरसभामा उपप्रमुख अर्चना चौधरीले सो बजेट प्रस्तुत गरेकी थिइन् र सभाले पारित गरेको थियो। नगरप्रमुख लोकनारायण यादवको अध्यक्षतामा भएको कार्यक्रममा भरतप्रसाद यादवले स्वागत र दीपेन्द्र कँडेलले सहजीकरण गरेका थिए।

# युनिसेफको सहयोगमा अध्ययन सामग्री वितरण

प्रस, वीरगंज, २० असोज/

युनिसेफ नेपालको सहयोगमा लाइफ नेपालले पर्सा र बाराका ८८ वटा विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ।




कोरोनाको पहिलो र दोस्रो चरणमा लामो समयसम्म विद्यालयहरू बन्द रहेको र फेरि पनि सोही अवस्था सिर्जना भएमा विद्यार्थीहरू आफैंले अध्ययन गर्न सकून् भनेर सेल्फ लर्निङ मेटेरियल वितरण गरिएको लाइफ नेपाल पर्सा, बाराका संयोजक शैलेन्द्र त्रिपाठीले बताए।

उनले विद्यालय बन्द रहेको अवस्थामा पनि अभिभावकको सहयोगमा बालबालिकाहरूले अध्ययनलाई निरन्तरता दिन सक्ने गरी युनिसेफले तयार पारेको शैक्षिक सामग्री वितरण गरिएको बताए।

संयोजक त्रिपाठीले पर्साको सखुवाप्रसौनी गाउँपालिकामा रहेका २८ वटा सामुदायिक विद्यालय, बाराको कोल्हवी नगरपालिकामा रहेका २८ र सिम्रौनगढ नगरपालिकाका ३२ वटा सामुदायिक विद्यालय गरी कुल ८८ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययन सामग्री वितरण गरिएको जानकारी गराए।

# प्रदेश सरकार भ्रष्टाचारमा लिप्त –डा राउत

प्रस, जनकपुरधाम, २० असोज/



जनमत पार्टीका अध्यक्ष डा सिके राउतले प्रदेश नं २ प्रदेश सरकार भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाएका छन्। उनले आफ्नो फेसबूक स्टाटसमा सो आरोप लगाएका हुन्।

यसैबीच, डा राउत नेतृत्वको जनमत पार्टीले भ्रष्टाचारीहरूमाथि कारबाईको माग गर्दै बुधवार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको कार्यालयअगाडि प्रदर्शन गरेका छन्। उनीहरूले प्रदेश सरकार भ्रष्टाचारको आहालमा डुबेको आरोप लगाउँदै कारबाईको माग गरेका हुन्।

गएको साता प्रदेश नं २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अख्तियारको टोलीले छापा मारेको थियो। अख्तियारको कदमको समर्थन गर्दै जनमतका नेता–कार्यकर्ताले प्रदर्शन जारी राखेका हुन्।

उनीहरूले प्लेकार्ड र ब्यानरसहित बर्दिबास पुगेर अख्तियारलाई सत्यतथ्य छानबीन गर्न ध्यानाकर्षण गराएका छन्। उनीहरूले 'भ्रष्ट सरकार राजीनामा दे' भन्दै नाराबाजी गरेका थिए।

**सिके राउत भ्रम छर्दैछन् –मुख्यमन्त्री गद्दी**

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले डा सिके राउतले मधेसमा भ्रम छर्नुबाहेक अरू केही गर्न नसकेको आरोप लगाएका छन्। मुख्यमन्त्री कार्यालयमा अख्तियारको छापा परेपछि राउत नेतृत्वको जनमत पार्टीले दुई दिनअगाडि मात्रै मुख्यमन्त्री कार्यालय घेराउ गरेको थियो भने अख्तियारको समर्थनमा उक्त पार्टीले दिनहुँ प्रदर्शन गरिरहेको छ।

जनमत पार्टीको क्रियाकलापप्रति आक्रोशित मुख्यमन्त्री गद्दीले प्रदेश सरकारविरुद्ध सिके राउतले भ्रम सिर्जना गरिरहेको आरोप लगाए। बुधवार प्रदेशसभा बैठकमा बोल्दै उनले भने, "एकजना डाक्टर साहेब भोपा लगाएर प्रदेश सरकारले अनियमितता गरेको भन्दै घुमिरहेका छन्, त्यो भ्रम सिर्जना गर्नका लागि मात्रै हो।"

## अन्तर्राष्ट्रिय समाचार

# हुथी विद्रोही र यमनी सेनाबीच भएको भिडन्तमा ८० भन्दा बढीको मृत्यु

साना, २० असोज/सिन्ह्वा

यमनको मारिब शहरमा हुथी विद्रोही र सरकार समर्थित सेनाबीच मङ्गलवार भएको भिडन्तमा परी ८० भन्दा बढी मारिएका सैन्य स्रोतलाई उद्धृत गर्दै सिन्ह्वा समाचार समितिले जनाएको छ।

उक्त शहर नियन्त्रणमा लिन हुथी विद्रोहीहरूले भिडन्त शुरू गरेका थिए। त्यस क्रममा भएको भिडन्तमा परी ८२ जनाको ज्यान गएको हो।

यसरी मारिनेमध्ये अधिकांश हुथी विद्रोही रहेका छन्। मारिनेमा ७४ हुथी विद्रोही लडाकू र अरू आठजना यमनका सैनिक रहेको यहाँको सैन्य स्रोतले जानकारी दिएको छ। पछिल्लो २४ घण्टामा ७४ विद्रोही मारिएका छन्– सैन्य स्रोतलाई उद्धृत गर्दै समाचारमा भनिएको छ। समाचार अनुसार अधिकांश विद्रोहीहरू मारिब शहरको पश्चिमी क्षेत्रमा साउदी अरेबिया र यमनको सैन्य गठबन्धनले गरेको हवाई कारबाहीमा मारिएका हुन्। पछिल्लो समय साउदी समर्थित सरकारको नियन्त्रणमा रहेको अन्तिम गढ मारिबलाई हुथी विद्रोहीले नियन्त्रणमा लिने प्रयास गरिरहेका छन्।


तस्वीरः

सोही क्रममा भएको भिडन्तमा पछिल्लोपटक यो हताहत भएको हो। इरान समर्थित हुथी विद्रोहीले तेल खानीको ठूलो भण्डार रहेको उक्त शहरमा पुनः आक्रमण गर्न थालेपछि यस महीनामा मात्रै सयौं मानिसको ज्यान गएको छ। यहाँ गएको हप्तामा पनि दर्जनौं हुथी विद्रोही लडाकू मारिएका थिए। रासस

# विश्वमा पानीजन्य सङ्कट उत्पन्न हुन सक्ने

जेनेभा, २० असोज/सिन्ह्वा

विश्वमा खानेपानीका साथै पानीजन्य अरू पनि सङ्कट उत्पन्न हुन सक्ने संयुक्त राष्ट्रसङ्घीय एउटा एजेन्सीले जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय मौसम विज्ञानसम्बन्धी एजेन्सी (डब्लुएमओ) ले सो आशङ्का गरेको हो। विश्वमा हाल जलवायु परिवर्तनसम्बन्धी समस्या देखिएको र यसका कारण खानेपानीका साथै पानीजन्य समस्या उत्पन्न हुन सक्ने बताइएको हो।



बाढी, खडेरी तथा खानेपानीको अभावका कारण धेरै मानिस प्रभावित हुन सक्ने सो एजेन्सीले जनाएको छ। विश्वमा पानीजन्य समस्याका कारण धेरै नागरिक समस्यामा पर्न सक्ने सो संस्थाको चेतावनी छ।

जलवायु परिवर्तनको प्रभावका कारण यस्ता समस्या उत्पन्न हुन सक्ने अवस्था देखिएको पनि सो संस्थाले जनाएको छ। उक्त संस्थाले अहिले पनि विश्वका मानिस यस्ता समस्याबाट सताइएका तथा खानेपानीको अभावमा परेका देखिएको छ।

उक्त एजेन्सीले गरेको एक विश्वव्यापी अनुसन्धानबाट सन् २०१८ मा मात्र विश्वका करीब साढे तीन अर्ब मानिसलाई वर्षमा कम्तीमा पनि एक महीना खानेपानीको अभाव भएको पाइएको थियो।

सन् २०५० सम्म विश्वका करीब पाँच अर्ब मानिसले यस्तो समस्या झेल्नुपर्ने अवस्था रहेको पनि सो संस्थाको अनुसन्धानबाट देखिएको छ। सो एजेन्सीको अनुसन्धानबाट गएको २० वर्ष यतादेखि पानीजन्य यस्ता समस्या प्रत्येक वर्ष बढ्दै गएको पाइएको देखिएको छ। यस्ता समस्या पनि जलवायु परिवर्तनको प्रभावका कारणले नै देखिएको सो संस्थाले जनाएको छ। रासस

# भारतमा सक्रिय सङ्क्रमितहरूको सङ्ख्या झन्डै सात महीनापछिकै सबैभन्दा थोरै

नयाँ दिल्ली, २० असोज/एएनआई

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भई अहिले पनि सङ्क्रमित रहेका मानिसको सङ्ख्या झन्डै सात महीनापछिकै कम देखिएको छ। अधिकारीहरूले बुधवार बिहान दिएको जानकारी अनुसार भारतमा अहिले दुई लाख ४६ हजार ६८७ जना सक्रिय सङ्क्रमित छन्।


तस्वीरः फाइल

सङ्ख्या २०३ दिनपछिकै सबैभन्दा कम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। भारतमा पछिल्लो एक दिनमा २४ हजार ७७० जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको पनि मन्त्रालयले जानकारी दिएको छ। पछिल्लो २४ घण्टामा भारतमा १८ हजार ८३३ नयाँ सङ्क्रमित थपिएका छन्। नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुने सङ्ख्या धेरै भएकोले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या कम हुँदै गएको हो। भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त हुने सङ्ख्या तीन करोड ३१ लाख ७५ हजार ६५६ पुगेको छ।

भारतको चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म ५७ करोड ६८ लाख तीन हजार ८६७ जनाको कोरोना परीक्षण गरिएको छ। तीमध्ये १४ लाख नौ हजार ८२५ जनाको हिजो मङ्गलवार परीक्षण गरिएको हो। भारतमा पछिल्लो समय सङ्क्रमित सङ्ख्या केरला राज्यमा सबैभन्दा धेरै एक लाखभन्दा बढी देखिंदै आएको छ। केरलामा अहिले पनि एक लाख २५ हजार ३० जना सक्रिय सङ्क्रमित छन्।

त्यसैगरी, महाराष्ट्रमा ३६ हजार ७४४ जना सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ। महाराष्ट्रमा यस अघि सक्रिय सङ्क्रमितहरूको सङ्ख्या लामो समयसम्म सबैभन्दा धेरै रहेको थियो। रासस

# मनपरी मूल्यबाट ग्राहक ठगिंदै

प्रस, पंचगावाँ, २० असोज/

पर्साका ग्रामीण क्षेत्रहरूमा चाडपर्व नजीकिंदै जाँदा खाद्यान्न, किराना र कपडा आदिको मूल्य पसलेहरूले तोकिएभन्दा बढी लिने गरेको पाइएको छ।


कपडापसल। तस्वीरः फाइल

बडादशैं, तिहार, छठ पर्वको अवसरमा किनमेल गर्न जाँदा पसलेहरूले मनपरी मूल्य लिने गरेको उपभोक्ताहरूले गुनासो गरेका छन्।

सखुवाप्रसौनी गाउँपालिका–२ श्रीपुर पंचगावाँ, वडा नं ५ महुवन, वडा नं ४ देउरवाना, पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुरटाँडी, वडा नं ४ सुगौली र देवरिया तथा निचुटा, पर्सागढी नगरपालिका–१ मनवा, वडा नं ३ बडनिहार, वडा नं ८ हरपुर, बहुदरमाई नगरपालिका–४ डोकैला बहुअरी, वडा नं १, २, ५, ६, ९ का पसलहरूमा महँगो मूल्यमा पसलेहरूले सामान बिक्री गर्दै आएको पाइएको छ।

दशैंलगायतका चाडपर्वहरूमा बजार अनुगमन शहर केन्द्रित मात्र हुने गरेको तर ग्रामीण क्षेत्रसम्म उनीहरूको अनुगमन कम हुने गरेकाले पनि यताका व्यापारीहरूले मनपर्दो उपभोक्ताहरूलाई ठग्दै आएका छन्।

अनुगमन नपुगेको स्थानमा पालिकाहरूले पनि चासो देखाएका छैनन्। मूल्यवृद्धिमा उपभोक्ताहरूको ढाड सकिएको भनेर गुनासाहरू सुन्ने तर पालिकाले आफ्नो तहबाट यसविरुद्ध कुनै कारबाई नगर्दा आम मानिसलाई पालिकाप्रति विश्वास हुन पनि छाडेको छ।

मूल्य सूची नराख्ने, राखेकाले पनि सोविपरीत बढी मोल लिने र किन नलिएको भनेर कुनै उपभोक्ताले सोधी हालेको खण्डमा किन्नु छ भने किन्नुस् हैन भने जानुस् भनेर ठाडो जवाफ दिने गरेको उपभोक्ताहरूको गुनासो छ। केही समयअघि यस्ता गतिविधिविरुद्ध गाउँटोलमा निगरानी समूहको गठन गरिएको थियो तर सो गठन पनि केवल प्रचारबाजीको लागि मात्र भएको हालको निष्क्रियताले देखाएको छ।

# कुमार पौडेल हत्या प्रकरणमा सर्वोच्चको आदेशपछि प्रहरीले जाहेरी दर्ता गऱ्यो

प्रस, सर्लाही, २० असोज, /

विप्लव समूहका नेता तथा सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या प्रकरणमा जिल्ला प्रहरी कार्यालय सर्लाहीले जाहेरी दर्ता गरेको छ। पौडेलको परिवारले दिएको जाहेरी दर्ता गर्न सर्वोच्च अदालतले आदेश दिएपछि प्रहरीले बुधवार जाहेरी दर्ता गरेको हो।

जिल्ला न्यायाधिवक्ता ऋद्धिसिद्धि निरौलाले हुलाकबाट आएको जाहेरीलाई सनाखत गरेर प्रहरीको जिम्मा लगाएको बताए।

जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले अदालतको आदेशपछि जाहेरी दर्ता गरिएको जानकारी दिएका छन्।

प्रहरीको विशेष ब्यूरोबाट खटिएको टोलीद्वारा २०७५ असोज ५ गते विप्लव माओवादीका नेता पौडेल मारिएका थिए। मृतक कुमार पौडेलकी आमा दुर्गादेवी पौडेलले आफ्नो छोरालाई गैरकानूनीरूपमा हत्या गरिएको भन्दै प्रहरीमार्फत जाहेरी दर्ता प्रक्रिया अघि बढाउन खोजेकी थिइन्।

हुलाकमार्फत जाहेरीपत्र पाएको सर्लाहीको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सरकारी वकीलको कार्यालयमा समेत दुर्गादेवीले निवेदन दिएकी थिइन्। तर प्रहरी र सरकारी वकीलको कार्यालय कसैले पनि जवाफ नदिएपछि उनी अदालत पुगेकी हुन्।

असोज १४ गते सर्वोच्च अदालतका न्यायाधीशहरू अनिलकुमार सिन्हा र हरि फुयाँलको इजलासले पौडेलकी आमा दुर्गादेवीले जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा दिएको जाहेरी दर्ता गर्न आदेश दिएको थियो।

प्रहरीले पौडेल दोहोरो भिडन्तमा मारिएको दाबी गरेको थियो। तर राष्ट्रिय मानव अधिकार आयोगले गरेको छानबीनले भने उनलाई नियन्त्रणमा लिएर गोली हानेको ठहर गरेको थियो।

दुर्गादेवीले दिएको जाहेरीमा सर्लाहीका तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोपाल भट्टराई, प्रदेश नं २ प्रदेश प्रहरी प्रमुख तत्कालीन डिआइजी हरिबहादुर पाल, इलाका प्रहरी कार्यालय, लालबन्दीका प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने, प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्की, जिल्ला अस्पताल सर्लाही मलङ्वामा कार्यरत डा वीरेन्द्रकुमार मण्डल, प्रहरी प्रधान कार्यालय नक्सालबाट खटिएका प्रहरी हवल्दार सत्यनारायण मिश्र, विनोद शाह, गोली प्रहार गर्ने प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह र वाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापाविरुद्ध अनुसन्धान गर्न माग गरिएको छ। जाहेरीमा पूर्वगृहमन्त्री रामबहादुर थापा बादल र पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालमाथि पनि अनुसन्धान गर्न माग गरिएको छ।

# प्रदेश २ सरकारलाई बदनाम गर्ने प्रयास भएको मुख्यमन्त्री गद्दीको आरोप

प्रस, जनकपुरधाम, २० असोज/

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले प्रदेश २ सरकारलाई बदनाम गर्ने प्रयास भएको आरोप लगाएका छन्। बुधवार प्रदेशसभा बैठकमा उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही दिनअघि मुख्यमन्त्री कार्यालयमा छापा मार्नुले सरकारलाई बदनाम गर्ने षड्यन्त्र स्पष्ट भएको बताएका छन्।

"केही कमजोरी भए बोलाएर सोध्न सकिन्थ्यो," एक्कासि छापा मार्नु हस्तक्षेप भएको बताउँदै गद्दीले भने, "यदि त्यसमा कुनै त्रुटि छ वा फाइल कमजोर छ भने बोलाएर सोध्न सकिन्छ, तर यो 'आक्रमण हो। प्रदेश सरकारलाई बदनाम गर्ने प्रयास गरिएको हो।"

मुख्यमन्त्री कार्यालयले बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रम अन्तर्गत गत वर्ष प्रदेशभरका ८ कक्षाका छात्रालाई साइकल वितरण गरेको थियो। सो कार्यक्रम पारदर्शी नभएको भन्दै समाचार प्रकाशन भएपछि अख्तियारले गत हप्ता छापा मारेको थियो। अख्तियारले छापा मारे पनि यसलाई राजनीतिक दलले एजेन्डा बनाउन नहुने मुख्यमन्त्री गद्दीको भनाइ छ।




### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### मुख्यमन्त्रीले राजीनामा दिएर छानबीनमा सहयोग गर्नुपर्छ -पूर्वमन्त्री सोनल



प्रदेशका प्रमुख विपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेता तथा पूर्वमन्त्री जीतेन्द्र सोनलले मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने बताएका छन्। मुख्यमन्त्री गद्दीले राजीनामा दिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबीनलाई सहयोग गर्नुपर्ने सोनलको तर्क छ।

बुधवारदेखि शरूरु भएको प्रदेशसभा अधिवेशनको पहिलो दिन लोसपा संसदीय दलका नेता सोनलले सबै कार्यालयको छानबीन गर्न मुख्यमन्त्री स्वयम्ले निम्तो दिएको स्मरण गराए। समन्वय परिषद्को बैठकमा तत्कालीन अख्तियार प्रमुखलाई बोलाएर आफ्नो सबै कार्यालयको छानबीन गर्न मुख्यमन्त्रीले नै आग्रह गरेको स्मरण गराउँदै पूर्वमन्त्रीसमेत रहेका नेता सोनलले भ्रष्टाचार गरेको छैन भने किन खुट्टा कपाउनुपऱ्यो ? भन्दै प्रश्न गरे। "अख्तियारको छापाले सङ्घीयता समाप्त हुँदैन। तर भ्रष्टाचारले व्यवस्था धरापमा पर्न सक्छ," उनको भनाइ थियो।

# वीरगंजमा महिला उद्यमी सम्मेलन हुँदै

प्रस, वीरगंज, २० असोज/

वीरगंजमा प्रथम महिला उद्यमी सम्मेलन हुने भएको छ।

नेपाली युवा उद्यमी मञ्च वीरगंज शाखाको आयोजनामा आगामी कात्तिक ५ गते वीरगंजमा सो सम्मेलन हुने बुधवार पत्रकार सम्मेनल गरी जानकारी गराइएको हो।



तस्वीरः प्रतीक

उद्यमशीलतामा नेपाली महिलाहरूको सहभागिता बढाउने उद्देश्यले मोफसलमैं पहिलोपटक कार्यक्रम गर्न लागिएको नेपाली युवा उद्यमी मञ्च वीरगंजका अध्यक्ष अनुप अग्रवालले बताए।

उनले सम्मेलनमा उद्यमशीलताका विविध क्षेत्रमा सहभागी महिला उद्यमी र स्टार्टअप बीच हुने अन्तर्क्रिया कार्यक्रमको माध्यमले युवा महिला उद्यमीले सामना गर्नुपर्ने समस्या तथा सहभागीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धिमा प्रोत्साहन मिल्ने दाबी गरे।

नेपाली युवा उद्यमी मञ्च वीरगंजकी कार्यकारी सदस्य मनीषा सुनुवार श्रेष्ठले कार्यक्रमबारे जानकारी गराउँदै उद्यमशीलताको क्रममा महिलाले भोग्नुपरेका समस्याहरूलाई उठान गर्ने र समाधानका उपायहरूमा छलफल गर्ने सम्मेलनको उद्देश्य रहेको बताइन्।

कार्यक्रममा बोल्दै सहआयोजक संस्था लेडी सर्कल नेपालकी पूर्वअध्यक्ष रश्मी दासले कार्यक्रम राष्ट्रियस्तरमा पहिलोचोटि वीरगंजमा हुन लागेकोमा खुशी व्यक्त गरिन्। उनले यस्तो कार्यक्रममा सङ्घर्ष भोगेका महिला तथा सफल महिलाहरूको कथा आदानप्रदान तथा नयाँ पाँचजना उद्यमीलाई पुरस्कारको व्यवस्था गरिएको बताइन्। सम्मेलनमा उद्यम तथा व्यवसाय शुरू गर्न आवश्यक पर्ने कुराहरू र प्राविधिक विषयमा पनि छलफल हुने उनले बताइन्। सम्मेलनमा वीरगंजका नमूना उद्यमीहरूको दशवटा स्टल प्रदर्शनीको लागि राखिने पूर्वअध्यक्ष दासले जानकारी गराइन्।

कार्यक्रममा सयजना महिला उद्यमीको सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

नेपालमा सन् २००३ मा नेपाली युवा उद्यमी मञ्च तत्कालीन युवा व्यवसायी सौरभ ज्योतिले सुरुआत गरेका थिए। त्यसपछि सन् २०१० मा वीरगंजका व्यवसायी अरबिन्द अमात्यले नेपाली युवा उद्यमी मञ्च वीरगंज च्याप्टरको शुभाम्रभ गरेका र त्यसपछिका केही वर्ष मञ्च क्रियाशील थिएन। गत वर्षदेखि वीरगंजका युवा व्यवसायीले निष्क्रिय रहेको यो मञ्चलाई पुनः सक्रिय बनाएका हुन्।

कार्यक्रममा नेपाली युवा उद्यमी मञ्च वीरगंजका सदस्यहरू विकाश ठाकुर, दिपाल खन्ना, माहित गुप्ता, विश्वास साह, निखिल गुप्ता, अक्षत शाह, हरिओमकुमार साह, चन्दन सिंह, लेडी सर्कलकी सदस्य नन्दनी अग्रवाल, खुश्बु सिंघानियालगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण एनवाइइएफ वीरगंजकी सचिव अङ्किता कर्णले गरेकी थिइन्।

# टयाक्टरको ठक्करबाट युवकको मृत्यु

प्रस, सिम्रौनगढ, २० असोज/

बाराको आदर्श कोतवाल गाउँपालिका–५ रूपौलियामा टयाक्टरको ठक्करबाट हिजो बेलुकी आदर्श कोतवाल गापा–५ टेढाकट्टीका २२ वर्षीय शेख अबुलेशको मृत्यु भएको छ। रूपौलियानजीक हुलाकी सडकखण्डमा उत्तरबाट आएको साइकल चालक अबुलेशलाई विपरीत दिसाबाट आइरहेको ना.६त ३३९० नम्बरको टयाक्टरले ठक्कर दिएपछि उनको घटनास्थलमा नै मृत्यु भएको स्थानीय लालबाबू यादवले बताए।

**सच्च्याइएको** यस दैनिकको अङ्क ४९, असोज २० गते बुधवार भित्री पृष्ठमा प्रकाशित ओशियन ट्रेडिङ कन्सर्नको अधिकतम खुद्रा बिक्री मूल्य सूचनामा अधिकतम खुद्रा बिक्री मूल्य २,१७,५८४/१७ हुनुपर्नेमा अन्यथा भएको सच्च्याइएको छ। *–विज्ञापन शाखा*




# खेलकूदको संसार

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल

## वीरगंज युनाइटेड क्लब सेमिफाइनलमा प्रवेश

माधव तिमिल्सिना, ठोरी, २० असोज/

ठोरी गाउँपालिका–४ विजयबस्तीमा जारी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल प्रतियोगिताको दोस्रो दिनको क्वाटरफाइनल खेलमा वीरगंज युनाइटेड क्लब विजयी भएर सेमिफाइनलमा प्रवेश गरेको छ।

आजको दोस्रो क्वाटरफाइनल खेलमा महावीर स्पोर्ट्स क्लब, गम्हरियालाई शून्यका विरुद्ध चार गोलको फराकिलो अन्तरले पराजित गर्दै वीरगंज युनाइटेड सेमिफाइनलमा प्रवेश गरेको हो।

वीरगंजको तर्फबाट कृपाकान्त चौधरीले एक्लैले चार गोल गरे। चौधरीले मध्यान्तरअघि तीन र मध्यान्तरपछि एक गोल गरेका थिए।

चार गोल गरेका चौधरी नै आज 'म्यान अफ दी म्याच' घोषित भए।

भोलि एफसी युनाइटेड सिमरा र निर्मल समाज युवा क्लब, ठोरी–४ तेस्रो क्वाटरफाइनल खेलमा भिड्ने आयोजक टीमले बताएको छ।


तस्वीरः प्रतीक

## दशैंकप : जनचेतना र थ्रीस्टार सेमिफाइनलमा

चिरञ्जीवी सापकोटा, ठोरी, २० असोज/

विजयादशमीको अवसरमा ठोरी गाउँपालिका–२ ब्यारेक खेलमैदानमा जारी दशैंकप–२०७८ को बुधवार भएको दुईवटा खेलमा जनचेतना क्लब ठोरी–१ र थ्रीस्टार क्लब ठोरी–१ विजयी भएका छन्।


तस्वीरः प्रतीक

आज भएको पहिलो खेलमा जनचेतना क्लब ठोरी–१ भगवाननगरले निमल समाज युवा क्लब ठोरी–४ लाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गऱ्यो। जनचेतना क्लबका सुरज थिङले गरेको एक गोलले नै आजको खेलको निर्णायक भयो। जीतसँगै जनचेतना क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। पहिलो खेलको 'म्यान अफ दी म्याच' जनचेतना क्लबका गोलकर्ता थिङ घोषित भएको वनशक्ति युवा क्लबका अध्यक्ष कमल रानाले बताए।

दोस्रो खेलमा थ्रीस्टार क्लब ठोरी–१ सरस्वतीनगरले नवयुवा क्लब ठोरी–२ गौतमनगरलाई शून्यका दुई गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। थ्रीस्टारका निशान नेपालीले दुईवटै गोल गरेका थिए। उनले दुवै गोल केही मिनेटको अन्तरालमा गर्दै आफ्नो टीमलाई सेमिफाइनलको यात्रामा सुरक्षित पारे। नेपाली नै दोस्रो खेलको 'म्यान अफ दी म्याच' घोषित भएको आयोजक क्लबका अध्यक्ष रानाले बताए।

भोलिको खेल आयोजक वनशक्ति युवा क्लब ठोरी–२ र निर्मल समाज क्लब ठोरी–१ रोजीनगरबीच हुने खेल संयोजक सुनील लामाले बताए।

## "ए डिभिजन" राष्ट्रिय फूटसल लिग : स्पोर्ट्स क्यासल फाइनलमा

काठमाडौं, २० असोज/रासस

स्पोर्ट्स क्यासल पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फूटसल लिगको फाइनलमा प्रवेश गरेको छ। पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा बुधवार सम्पन्न खेलमा 'द राइजिङ' क्लब धरानलाई ८–६ को गोलअन्तरले पराजित गर्दै घरेलु टोली क्यासल फाइनलमा प्रवेश गरेको हो। खेलमा क्यासलले सुरुआती अग्रता बनाए पनि जीतका लागि अन्तिमसम्म कडा सङ्घर्ष गर्नुपरेको थियो।

क्यासललाई जीत दिलाउन किशोर गुरुङ र सुमित श्रेष्ठले ह्याट्रिक गरे भने सुरज गुरुङ र विजय गुरुङले समान एक/एक गोल गरे। राइजिङका हेमन्त थापामगर, सुदीप गुरुङ र मिलन राईले दुई/दुई गोल गरे। खेलको 'म्यान अफ दी म्याच' स्पोर्ट्स क्यासलका किशोर गुरुङ चुनिए। उनले नगद रु पाँच हजार पुरस्कार पाए। क्यासल लिग तालिकाको शीर्ष स्थानमा रहँदै 'प्लेअफ'मा पुगेको थियो। यस्तै, राइजिङले पनि दोस्रो स्थानमा रहँदै 'प्लेअफ'को यात्रा तय गरेको थियो। यसैगरी, आज शङ्खमूल फूटसल क्लब र सविन मेमोरियलबीचको 'इलिमिनेटर' खेलमा शङ्खमूल विजयी भएको छ। शङ्खमूलले तीन/दुईको गोलअन्तरले खेल जित्न सफल भयो। शङ्खमूलका कृजल खड्काले दुई तथा जेनिश प्रजापतिले एक गोल गरे। शङ्खमूलले अब फाइनल प्रवेशका लागि बिहीवार 'द राइजिङ' क्लब धरानसँग खेल्नेछ। सविनका सरोज गुरुङ र मनोज गुरुङले गोल गरे।

अखिल नेपाल फूटबल सङ्घले देशमा पहिलोपटक फूटसल लिग आयोजना गरेको हो। गत असोज २ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल असोज २२ गते हुने आयोजकले जनाएको छ।

## इपिएलको फाइनलमा चितवन

काठमाडौं, २० असोज/रासस

चितवन टाइगर्सले पोखरा राइनोजलाई ९ विकेटले पराजित गर्दै एभरेस्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार भएको खेलमा चितवन पहिलोपटक इपिएलको फाइनलमा पुगेको हो। पोखराले दिएको ६७ रनको सामान्य लक्ष्य चितवनले ७ दशमलव ५ ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो।

चितवनको जीतमा मोहमद शाहजदले सर्वाधिक ४८ रन बनाए। उनले २६ बलमा ७ चौका र २ छक्का प्रहार गरे। यस्तै, हसिम अन्सारीले अविजित १४ रन जोडे। करिम जन्नत चार रनमा अविजित रहे। बलिङतर्फ पोखराका नन्दन यादवले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखरा १५ ओभरमा सबै विकेट गुमाउँदै ६६ रनमा समेटिएको थियो। पोखराका लागि रिचर्ड लेभीले सर्वाधिक १९ रन बनाए। सुनील धमलाले १८ रन जोड्दा सुशन भारीले १२ रन बनाए।

त्यसैगरी, लोकेश बम पाँच, सहन अर्चाचिगे तीन, विक्रम सोब तीन, विवेक यादव दुई, असेला गुनारत्ने एक रनमा आउट भए। कप्तान विनोद भण्डारी र नन्दन यादव शून्य रनमा आउट हुँदा किशोर महतो एक रनमा अविजित रहे।

पोखरालाई सस्तैमा समेट्ने क्रममा चितवनका सागर ढकाल र साहब आलमले चार/चार विकेट लिए भने सोमपाल कामी र करिम जन्नतले एक/एक विकेट झारे।

## सेनाका रेफ्री ढकाल पाकिस्तान र फ्रान्सका प्रतियोगितामा निर्णायक

काठमाडौं, २० असोज/रासस

नेपाली सेनामा तेक्वान्दो खेल विधाका रेफ्री दीपेन्द्र ढकाल पाकिस्तानको इस्लामाबादमा कात्तिक १८ देखि २३ गतेसम्म हुने चिफ अफ आर्मी स्टाफ (सिओएएस) ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको निर्णायक मण्डलमा छनोट भएका छन्।

फ्रान्समा कात्तिक २६ देखि २८ गतेसम्म हुने फ्रेन्च इकोपेन विश्व वरीयता तेक्वान्दो खुला प्रतियोगिताका लागि पनि उनी निर्णायक छनोट भएका छन्। एशियन तेक्वान्दो युनियन तथा युरोपियन तेक्वान्दो युनियनबाट उक्त प्रतियोगिताका लागि निर्णायक मण्डलमा ढकाल छनोट भएको जानकारी प्राप्त भएको नेपाली सेना शारीरिक तालिम तथा खेलकूद केन्द्रका प्रमुख एवं महासेनानी शशिकिरण रायमाझीले जानकारी दिए।

चीनको उहानमा २०७६ कात्तिकमा भएको सातौं विश्व सैनिक खेलकूद प्रतियोगिता (सिज्म्स) मा समेत रेफ्री ढकाल तेक्वान्दोको निर्णायकमण्डलमा थिए। चीनकै उसि शहरबाट विसं २०७४ मा अन्तर्राष्ट्रिय रेफ्री कोर्ष प्राप्त गरेका ढकाल काभ्रे कुशादेवीका बासिन्दा हुन्। स्थानीय लालीगुराँस तेक्वान्दो डोजाङबाट यस विधामा प्रवेश गरेका उनी नेपालको खेलकूद क्षेत्रमा स्थापित अन्तर्राष्ट्रिय रेफ्री बन्न सफल भएका छन्।

काठमाडौंमा सम्पन्न दक्षिण एशियाली खेलकूद (साग) र जर्मनीको ह्याम्बर्गमा भएको जर्मन ओपनमा विश्व वरीयता खेलकूद जी टु प्रतियोगितामा पनि उनले रेफ्री भएर काम गरिसकेका छन्। छोटो समयको तीव्र प्रतिस्पर्धाको खेलमा भीडन्तलाई ठिक ढङ्गले नियालेर सही निर्णय सुनाउनुपर्ने भएकोले रेफ्रीका लागि तटस्थता, निष्पक्षता, साहस र व्यावसायिक गुण अनिवार्य मानिन्छ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा दोस्रो श्रेणीको निर्णायक वरीयता नजीक रहेका ढकाल मुलुकका सुरक्षा निकायका एक्ला अन्तर्राष्ट्रिय तेक्वान्दो रेफ्री हुन्। नेपाली सेनाको त्रिभुवन आर्मी क्लब मुलुकको खेलकूद विधामा च्याम्पियनसीप विभागीय टोली हो।

स्पेन, अमेरिका, जापान, पोर्चुगललगायत मुलुकबाट यसबीच रेफ्रीका लागि निम्ता आए पनि कोभिड–१९ का कारण प्रतियोगितामा सहभागी हुन नसकेको उनले राससलाई प्रतिक्रिया दिए।